# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

प्रेस विज्ञप्तिः २०७२।११।०५ गते ।

नापी कार्यालय भैरहवा, रुपन्देहीका सर्भेक्षक नारायण प्रसाद चौधरीलाई नियन्त्रणमा लिईएको ।

---

सुन्दरपुर गा.वि.स. वडा नं. ३ उदयपुर स्थायी घर भई हाल नापी कार्यालय भैरहवा, रुपन्देहीमा कार्यरत सर्भेक्षक नारायण प्रसाद चौधरीले सिद्धार्थनगर नगरपालिका वडा नं. ६क कि.नं. ६१९ रुपन्देहीको जग्गा हालसाविक गर्ने प्रयोजनार्थ सेवाग्राही संग घुस/रिसवत माग गरेको सुचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्पर्क कार्यालय बुटवलबाट खटिई गएको टोलीले घुस/रिवत वापत लिएको रकम रु. ४०,०००।– (अक्षरुपी चालिस हजार) र निजको डेरामा टिनको बाकसमा रहेको कालो झोला भित्र कपडाले ढाकिएको अवस्थामा रहेको रकम रु. १,०८,०००।– (अक्षरुपी एक लाख आठ हजार) साथै भा.रु. १०,०००।– (अक्षरुपी दश हजार) सहित रकम बरामद गरि निज सर्भेक्षक चौधरीलाई नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।